# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## पाचौं विशेष साधारण सभाको
## काम कारवाहीको विवरण
## (माइन्यूट)

**१.वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको पाचौं विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको पाचौं विशेष साधारण सभाको सूचना मिति २०७६/११/२२ गते बिहिवारका दिन आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०७६/११/२८ गते बुधवारका दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरि मिति २०७६/१२/१० गतेको दिन बोलाईएको पाचौं विशेष साधारण सभा विश्वव्यापी कोराना भाइरस(कोभिड-१९) महामारीको कारणले स्थगित गरिएकोमा सो स्थगित पाचौं विशेष साधारण सभा मिति २०७७/०२/१९गते बसेको सञ्चालक समितिको ३३४औ बैठकले निर्णय गरे अनुसार मिति २०७७/०२/२० को आर्थिक अभियान दैनिक पत्रिकामा स्थान, मिति, समय र छलफल हुने विषयको सूचना सहितको विवरण समेत शेयरधनी महानुभावहरुलाई Webinar मार्फत पनि संचालन हुने व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको थियो । सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत सो सूचना प्रकाशित गरिएको थियो ।

**१. सभा हुने मिति, स्थान र समय**

| | |
|---|---|
| सभा हुने मिति | :- २०७७ साल जेष्ठ २७ गते (तदअनुसार ०९ जुन, २०२०) मंगलबार |
| स्थान | :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ,काठमाण्डौं |
| सभा सुरु हुने समय | :- बिहान ११.०० बजे |

**२. छलफलका विषयहरु :**

**क. बिशेष प्रस्तावहरु**

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्बाट प्राप्त सहयोगी विकास बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा सहयोगी विकास बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ कित्ता शेयर ( १:०.९१७५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७६।०३।२२ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत

संयुक्त मर्जर तथा एक्विजिसन समितिले भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।

४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्ष बिच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

६. सहयोगी विकास बैंक लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ८,६२,२१,९६,७१६/- बाट वृद्धि भई रु. ९,०८,९८,१७,२९०/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रबन्ध पत्र संशोधन गर्ने ।

७. बैंकको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**ख. विविध**

## ४. उपस्थिति

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:**

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | अध्यक्ष |
| २. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ३. | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ४. | श्री सीता कार्कि (के.सी.) | सञ्चालक |
| ५. | श्री प्रवल जंग पाण्डे | सञ्चालक |
| ६. | श्री सजन शर्मा | सञ्चालक |
| ७. | श्री सुदेश खालिङ्ग राई | सञ्चालक |

**४.२ उपस्थित अन्य पदाधिकारी :**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री वोधराज देवकोटा | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री रामधन श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत |

| | | |
|---|---|---|
| ४. | श्री सुमित बाबु खत्री | सहायक प्रमुख कार्यकारी अधिकृत /प्रमुख कर्जा अधिकृत |
| ५. | श्री पारस कुमार काफ्ले | सहायक प्रमुख कार्यकारी अधिकृत /प्रमुख सञ्चालन अधिकृत |
| ६. | श्री राजेन्द्र लाल श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत /कम्पनी सचिव |
| ७ | श्रीमती उमंग शर्मा | सहायक प्रमुख कार्यकारी अधिकृत /प्रमुख प्रशासकिय अधिकृत |
| ८. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत |
| ९. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |

४.३ **शेयरधनीहरुको उपस्थिति :**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनीको संख्या : | ६० |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | ९० |
| ३ | Webinar मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | १ |
| | जम्मा | १५१ |

**५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १,२८,८४७ | १५१ | ५२.०७ प्रतिशत |
| सस्थापक समूह "क" | ४०४ | ९५ | ४२.८९प्रतिशत |
| सर्वसाधारण समूह "ख" | १,२८,४४३ | ५६ | ९.१८ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | ८,६२,२१,९६७.१६ | | १००.०० प्रतिशत |

**६. सभाको वैधानिकता र सभाको सभापतित्व**

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको पाचौं विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या ६० जना, Webinar मार्फत हाजिरी जनाउने शेयरधनीहरुको संख्या १ जना तथा प्रोक्सी मार्फत ९० जना गरि कुल शेयरधनी १५१ जना कुल शेयरकित्ता मध्ये शेयर कित्ता ४,४९,७४,३८५ उपस्थीत भई ५२.०७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा विशेष साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको विशेष साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार तथा Webinar मार्फत संचालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीज्यूको सभापतित्वमा बैंकको पाचौं विशेष साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयं उपस्थित हुनु भएका र Webinar मार्फत उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

७. विशेष साधारण सभाको प्रस्तुती :

७.१. सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति ( एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

७.२. तत्पश्चात् सभापतिज्यूले बैंकको पाचौं विशेष साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम:

१. श्री अमिर दास रन्जीत
२. श्री भक्ति प्रसाद उप्रेती
३. श्री इन्द्र कृष्ण श्रेष्ठ
४. श्री नरसिङ्ग लाल चंखु
५. श्री शत्रुधन श्रेष्ठ
६. श्री शिव प्रसाद पौडेल

८.३ छलफलमा सहभागी मध्ये सभामा स्वयं उपस्थीत भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री अमिर दास रन्जीत
२. श्री भक्ति प्रसाद उप्रेती
३. श्री इन्द्र कृष्ण श्रेष्ठ
४. श्री नरसिङ्ग लाल चंखु
५. श्री शत्रुधन श्रेष्ठ

८.४ छलफलमा सहभागी मध्ये Webinar मार्फत सहभागी भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री शिव प्रसाद पौडेल

९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वंय आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. श्री अमिर दास रन्जीत

स्थगित साधारण सभा सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा बिशेष धन्यवाद ज्ञापन गर्नुभयो । कोरोना को माहामारी पश्चात तेस्रो त्रयमासिक विवरण के कस्तो रहेको थियो सो बारेमा प्रकाश पारिदिनुभएको भए अझ राम्रो हुने थियो भन्दै प्राप्ति गर्न लागिएको सहयोगी बिकाश बैंकको २ नं प्रदेशमा राम्रो सञ्जाल र शाखा पहुँच भएकोले प्राप्ति गर्नु अत्यन्त राम्रो कदम भएकोले सोलाई समर्थन गर्दै प्रशंसा गर्नुभयो । बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

२. श्री भक्ति प्रसाद उप्रेती

यस्तो Lockdown को बिषम अवस्थामा पनि यहि आ.ब. भित्र एकिकृत कारोबार गर्ने उद्देश्यका साथ बिशेष साधारण सभा सम्पन्न गर्नुभएकोमा बधाई ज्ञापन गनुभयो । विशेष साधारण सभा सम्पन्न गर्नका लागि यस्तो बिशेष परिस्थितिमा अहोरात्र खटिनुहुने तमाम बैंकका कर्मचारी एवं व्यवस्थापन र सञ्चालक समितिलाई विशेष धन्यवाद व्यक्त गर्नुभयो । प्राप्ति गर्न लागिएको सहयोगी बिकाश बैंक राम्रो विकाश बैंक भएको धारणा राख्दै शेयर आदान प्रदान अनुपात एकदमै चित्तबुझ्दो रहेको भन्दै शेयर आदान प्रदान अनुपातलाई जोडदार समर्थन गर्नुभयो । नयाँ NFRS को प्रावधान अनुरुप पाकेको तर प्राप्त नभएको व्याज नाफामा गणना गर्ने प्रावधानका कारणले सरकारलाई कर बुझाउनुपर्ने, कर्मचारीले बोनश प्राप्त गर्ने तर शेयरधनीहरुलाई सो रकमबाट लाभांश प्रदान गर्न बन्देज गर्ने प्रावधान अव्यवहारिक भएकोले सो प्रावधानलाई सच्याउने तर्फ बैंकहरुको तर्फबाट पहलकदमी गरी शेयरधनी मैत्री बनाउनु पर्ने तर्फ जोड दिनुभयो ।

३. श्री इन्द्र कृष्ण श्रेष्ठ

स्थगित साधारण सभा सफलतापुर्वक सम्पन्न गर्नुभएकोमा बिशेष धन्यवाद ज्ञापन गर्नुभयो र बजारमा यस बैंकले Capital Merchant Finance Ltd र Crystal Finance Ltd पनि एक्वायर गर्ने भन्ने व्यापक हल्ला सुनेको हुँदा सो सम्बन्धमा पनि प्रष्ट पारिदिनुहुन अनुरोध गर्दै पाँचौं बिशेष साधारण सभा सफलताको लागि शुभकामना व्यक्त गनुभयो ।

४. श्री नरसिङ्ग लाल चंखु

स्थगित साधारण सभा सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा बिशेष धन्यवाद ज्ञापन गर्नुभयो । प्राप्ति गर्न लागिएको सहयोगी बिकाश बैंकलाई प्रदान गरिएको शेयर आदान प्रदान अनुपात एकदमै चित्तबुभ्दो रहेको भन्दै शेयर आदान प्रदान अनुपातलाई समर्थन गर्नुभयो । अलग अलग पृष्ठभुमिबाट उठेका दुई संस्थाका फरक संस्कार र पहिचान हुँदा कर्मचारीहरुको समायोजन समस्या आउन सक्ने तर्फ ईंगित गर्दै मानव संशाधन बिभागले सो तर्फ बिशेष चनाखो रही सावधानीपूर्वक समायोजन गर्नु पर्ने तर्फ ध्यानाकर्षण गराउँदै पाँचौं बिशेष साधारण सभा सफलताको लागि शुभकामना व्यक्त गनुभयो ।

५ श्री शत्रुधन श्रेष्ठ

स्थगित साधारण सभा सफलतापुर्वक सम्पन्न गर्नुभएकोमा बिशेष धन्यवाद ज्ञापन गर्दै अन्य बाणिज्य बैंकहरुको चुक्ता पूँजीको तुलनामा हाम्रो बैंकको चुक्ता पूँजी कम भएको होकी भन्दै चिन्ता जाहेर गर्दै यस तर्फ ध्यान दिन अनुरोध गर्नुभयो । साथै समग्र बिश्व अर्थतन्त्र कोरोना माहामारीको कारणले नकारात्मक असर प्रभाव पर्न सक्ने सम्भावनाबाट हामी पनि अछुतो रहन सक्दैनौ तसर्थ कोरोना माहामारी संग जुध्दै व्यवसायिक कृयाकलापलाई के कसरी नियमितरुपमा सुचारु गर्न के कस्ता प्रकिया अवलम्बन गरि अगाडी बढ्न सकिन्छ सो तर्फ विशेष ध्यान केन्द्रित गरि अगाडी बढ्नु पर्ने कुरा औल्याउनु भयो ।

छलफलको क्रममा शेयरधनी महानुभावहरुले Webinar मार्फत व्यक्त गर्नु भएका मन्तव्य निम्न बमोजिम प्रस्तुत गरिएको छ ।



Rajindra

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

९. श्री शिव प्रसाद पौडेल

स्थगित साधारण सभा प्रबिधिको उचित उपयोग गर्दै सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा बिशेष धन्यवाद ज्ञापन गर्नुभयो । प्राप्ति गर्न लागिएको सहयोगी बिकाश बैंकलाई प्रदान गरिएको शेयर आदान प्रदान अनुपात राम्रो रहेको भन्दै सम्पूर्ण शेयरधनीहरुको तर्फबाट धन्यबाद व्यक्त गर्नुभयो । हाल देखिएको परिस्थितिले बैंकमा धेरै चुनौति तथा समस्याहरु देखिएको हुँदा भोलिका दिनमा आर्थिक संकट पर्दै जानसक्ने तर्फ बिशेष सचेत हुनपर्ने बताउँदै आगामी दिनमा बैंकका अनावश्यक खर्चमा कटौति गर्नु पर्ने र आकर्षक लाभांशको अपेक्षा सहित पाँचौं बिशेष साधारण सभा सफलताको लागि शुभकामना व्यक्त गनुभयो ।

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका जिज्ञासा, सुझाव एवं सराहना सहितको मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई सहयोगी विकास बैंकलाई एक्विजिसन गरी बैंकको व्यापार व्यवशायलाई वृद्धि गर्दै २ नं. प्रदेशमा बैंकको बलियो रुपमा उपस्थिती जनाउन सफल भएकोमा धन्यवाद दिनुभयो । समग्रमा बैंकको सञ्चालक समिति तथा व्यवस्थापनमा अत्यन्त सम्मानित व्यक्तिहरुको प्रतिनिधित्व रहेको अवस्थामा शेयरधनी तथा सबै सरोकारवालाहरुको उच्च विश्वास र भरोसा रहेको अवस्थामा बैंकबाट प्रस्ताव गरिएको एक्विजिसनबाट बैंकको पूँजि वृद्धि भई आगामी वर्षमा शेयरधनीहरुलाई अधिकतम लाभांश उपलब्ध गराउनु पर्ने विचार व्यक्त गर्नुभयो । शेयरधनीहरुलाई बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको विशेष साधारण सभामा पेश गरिएको प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएको कार्यहरुको मूल्याङ्कन गरि राम्रा कामको सराहना तथा देखिएका कमी कमजोरीहरु औंल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकिङ व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी बढाउदै लैजानु पर्ने साथै विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीबाट सृजित हुने चुनौतीलाई सामना गरी भावी दिन सुनिश्चित गनुपर्ने कुरामा शेयरधनी महानुभावहरुले जोड दिनुभयो ।

**११. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष राजन सिंह भण्डारीज्यूले ब्यक्त गर्नु भएको प्रश्नहरुको जवाफ :**

सभाका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट प्राप्त सम्पूर्ण सुझावहरुलाई गम्भिरतापूर्वक ग्रहण गर्दै आगामी दिनमा अझ राम्रो गरी अगाडि बढ्ने कुरामा जोड दिनुभयो । साथै शेयरधनी महानुभावहरुले राखेका जिज्ञासाको जवाफ दिने क्रममा बैंकको आ.व.२०७६/७७ को वासलत तथा नाफा नोक्सान हिसावमा Covid 19 ले निम्त्याएको विषम परिस्थितिको कारण पर्न सक्ने असर लाई सम्भव भएसम्म न्यून गर्न २०७७ आषाढ मसान्त भित्र तिर्नुपर्ने भाखा भएका कर्जाको सम्पूर्ण सावा तथा व्याज असुल गर्न बैंकले कुनै कसर बाँकि नराख्ने र नेपाल राष्ट्र बैंकको स्वीकृती लिई बढी से बढी नगद र/वा वोनश शेयर वितरण गर्न बैंक व्यवस्थापन प्रयत्नशील रहने व्यहोरा अनुरोध गर्नुभयो ।

तर Covid 19 को कारण मुलुकको अर्थतन्त्रनै शिथिल/गतिहिन भएको अवस्थामा शेयरधनी महानुभावहरुलाई यस आर्थिक बर्षमा बैंकबाट पाउने लाभांशको बारेमा धेरै ठुलो अपेक्षा नराख्न अनुरोध गर्दै यस्तो विषम परिस्थितीमा यो बर्ष नाफा कमाउने वा ठूला ठूला सपना देख्न वा आकांक्षा राख्नुभन्दा अहिलेको



CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

समयमा यथा अवस्थामा बाँच्न सक्नु वा अड्न सक्नुनै ठूलो उपलब्धी हुने व्यहोरा उल्लेख गर्दै कोभीड माहामारीबाट बिश्व मानव समुदायले यथासक्य छिटो मुक्ति पाओस् भनी कामना गर्नुभयो ।

यसै गरी अन्य शेयरधनीहरुले राख्नुभएको जिज्ञाशाको जवाफ दिने क्रममा Capital Merchant Finance Ltd लाई प्राप्ति गर्ने सम्बन्धमा कुनै छलफल नभएको र Crystal Finance Ltd संग सामान्य कुराकानी सम्म भएको व्यहोरा जानकारी गराउँदै बैंकको चुक्ता पूँजी धेरै हुनु भन्दा पूँजी पर्याप्तता अनुपात महत्वपूर्ण रहने कुरा प्रकाश पार्दै बैंकको उक्त अनुपात मजबुत रहेको जानकारी गराउनुभयो । जहाँसम्म अलग अलग संस्थाबाट आएका कर्मचारीहरुको बीचमा संस्कारगत समस्याको सवाल छ सो सम्बन्धमा कर्मचारीहरु डराउनुपर्ने स्थिति नआउने हुँदा बैंकले आवश्यकता हेरी दक्षता अभिबृद्धिको लागि तालिमको व्यवस्था गर्दै जाने र व्यवस्थापनको तर्फबाट कुनै बिभेद नहुने प्रतिबद्धता जाहेर गर्दै काम गरि खाने कर्मचारीले डराउनु नपर्ने कुरा जाहेर गर्नुभयो । बैंकले आगामी दिनमा अझ उन्नती प्रगती गर्ने विश्वास व्यक्त गर्नुभयो । साथै आदरणीय शेयरधनी महानुभावहरु समेतसँग सहकार्य गर्दै हातेमालो गरी अगाडी बढ्ने र शेयरधनीहरुलाई निरुत्साहित हुन नदिने कुरामा प्रतिवद्धता जनाउनु भयो ।

**१२. पाचौं विशेष साधारण सभाका निर्णयहरु :**

(क) **विशेष प्रस्तावहरु**

**१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरी पारित गर्ने ।**

सभापतिज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्बाट प्राप्त सहयोगी विकास बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा सहयोगी विकास बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ कित्ता शेयर ( १:०.९१७५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ता पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्बाट प्राप्त सहयोगी विकास बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा सहयोगी विकास बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ कित्ता शेयर ( १:०.९१७५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७६।०३।२२ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिले भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न मिति २०७६।०३।२२ मा दुबै पक्ष बीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिले भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्‌को नियुक्तिलाई अनुमोदन गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री पि पि प्रधान एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्‌को नियुक्तिलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

५. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्ष बिच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न दुबै पक्ष बिच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (एक्विजिसन) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

६. **सहयोगी विकास बैंक लिमिटेडलाई यस बैंकले प्राप्ति (एक्विजिसन) पश्चात बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ८,६२,२१,९६,७१६/- बाट वृद्धि भई रु. ९,०८,९८,१७,२९०/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रबन्ध पत्र संशोधन गर्ने ।**

६. (क) **बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।**
बैकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।**



CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा संचालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना वृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

**बैंकको पूँजीको संरचना :**

५ (ख) बैंकको जारी पूँजी रु ९,०८,९८,१७,२९०/- (अक्षरुपी नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुई सय नब्बे रुपैयाँ मात्र) हुने छ । सो पूँजीलाई रु.१००।- का दरले ९,०८,९८,१७२.९० ( नौ करोड आठ लाख अन्ठानब्बे हजार एक सय बहत्तर दशमलव नब्बे ) थान साधारण शेयरमा विभाजन गरिएको छ । बैंकको तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु ९,०८,९८,१७,२९०/- (अक्षरुपी नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुई सय नब्बे रुपैयाँ मात्र) हुने छ ।

**५**(ग) बैंकको तत्काल चुक्ता पूँजी ९,०८,९८,१७,२९०/- (अक्षरुपी नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुई सय नब्बे रुपैयाँ मात्र) हुनेछ ।

७. **बैंकको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्रमा संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले विशेष साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धीत सबै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै पाचौं विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिनको १२.३० बजे विधिवत रुपमा सभा विसर्जन गर्नुभयो ।

Rajendra

राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

श्री राजन सिंह भण्डारी
अध्यक्ष